आ व २०८१।०८२
बैठक: गाउँ कार्यपालिका बैठक
अध्यक्षता: गाउँपालिका अध्यक्ष सेनाङ गुरुङ

बैठक नं १०।०८१।०८२
मिति: २०८१।१२।१५
स्थान: छा. ता. गा. पा. सभाहल
समय: विहान ७:१५ बजे

छार्का ताङसोङ गाउँ कार्यपालिकाको बैठक छार्का ताङसोङ गाउँपालिकाका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यु को अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

**उपस्थिति:**

| दस्तखत | नाम, थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | सेनाङ गरुङ | गा. पा. अध्यक्ष | छा. ता. गा. पा. ४ | अध्यक्ष |
| | कर्मा ढुण्डुप गुरुङ | गा. पा. उपाध्यक्ष | छा. ता. गा. पा. १ | सदस्य |
| | धावा लामा गुरुङ | वडा अध्यक्ष (प्रवक्ता) | छा. ता. गा. पा. १ | सदस्य |
| | टसि छोम्वेल गरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. २ | सदस्य |
| | वाङजु गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ३ | सदस्य |
| | खाम्सुङ रोकाया | वडा अध्यक्ष | छा. ता. गा. पा. ४ | सदस्य |
| | सोनाम साङवो गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ५ | सदस्य |
| | कार्मा तेन्जिन गुरुङ | वडा अध्यक्ष | छा. ता. गा. पा. ६ | सदस्य |
| | नेजिङ खाँडु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. १ | सदस्य |
| | छोइटोल गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| कान्छी | कान्छी बुढा | महिला वडा सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | धावा साङमु गुरुङ | महिला वडा सदस्य | छा. ता. गा. पा. ५ | सदस्य |
| | युरुङ घर्ति | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ४ | सदस्य |
| | ठोक्याल गुरुङ भोटे | अल्पसंख्यक सदस्य | छा. ता. गा. पा. ३ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | छा. ता. गा. पा. | सचिव |

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं.(१)** छार्का ताङसोङ-२, मिसिङ बगरमा वेवारिसे शव भेटिएको र उक्त शव व्यवस्थापन गर्नको लागि जिल्ला प्रहरी कार्यालय, डोल्पाबाट टोली खटिएको लास बोकेर दुनै सम्म ल्याउनको लागि देहाय बमोजिमका ६जना भरिया मिति २०८१ चैत्र ८ गते खटाएको साथै व्यवस्थापन तथा भरिया ज्याला र वेवारिसे शव व्यवस्थापन निर्देशिका,२०७८ अनुसार हुने शव व्यवस्थापन लगायतको अन्य खर्च गाउँपालिकाले विपद्जन्य राहत र उद्धार शीर्षकबाट भुक्तानी दिने ।

**देहाय:**

| क.सं. | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | प्रवेश वि.क. | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |
| २. | भुपेन्द्र वि.क. | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |
| ३. | प्रकाश वि.क. | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |
| ४. | हिमाल वि.क. | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |
| ५. | केबिलाल थापा | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |
| ६. | टिकाराम थापा | आठविसकोट न.पा.-५, रुकुम पश्चिम | |

**निर्णय नं.(२)** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र यस गाउँपालिकाको लागत साझेदारी अन्तर्गतका यस अघि छनौट गरिएका आयोजनाहरु खुला बोलपत्र मार्फत टेण्डर भएकोमा उक्त दुबै आयोजना घटिघटाउ भई जम्मा रकम १ करोड २७ लाख ८१ हजार १ सय ४० रुपैया बचत भएको हुँदा सो रकमबाट देहाय बमोजिम **छारुङ देखि छार्का सम्म सडक स्तरोन्नति आयोजना** छनौट गरि पुन: खुला बोलपत्र प्रकियामा जाने ।

**देहाय**

१. ग्रामीण सडक सुधार र पूर्वाधार निर्माण

| क्र. सं. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान रकम | गाउँपालिकाबाट सह-लगानी | LISP बाट सह-लगानी |
|---|---|---|---|---|---|
| १ | छाडरु देखि छार्का सम्म सडक स्तरोन्नति | १ | १,२७,८१,१४०.४१ | ५५,१३,७३३.८१ | ७२,६७,४०६.६ |

**निर्णय नं.(३)** छार्का ताङसोङ गाउँपालिका, १ नं. वडा कार्यालयको च.नं. ३५ र मिति २०८१।०९।२३को हेलिकोप्टर भाडा खर्चमा सहयोग सम्बन्धी सिफारिश अनुसार तेञ्जिन नाम्ग्याल गुरुङको नातिनी सोनाम फुन्जो गुरुङको छोरी **छिरिङ लाम्जोम गुरुङ** लाई **स्पाईनल क्यान्सर(Spinal Cancer)** भएकोले काठमाडौं देखि छार्का सम्म आउनको लागि लाग्ने हेलिकोप्टर भाडा मध्ये रु.२,००,०००।(दुई लाख मात्र) भाडा रकम गाउँपालिकाले विपद् राहत शीर्षकबाट व्यहोर्ने ।

छार्का ताङसोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल